# विराटनगर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

विराटनगर, मोरङ,
कोशी प्रदेश, नेपाल

## सेवा करारमा लिने सम्बन्धी सूचना

(दोस्रो पटक सूचना प्रकाशित मितिः २०८३/०६/१३)

विराटनगर महानगरपालिकामा नगर प्रहरीतर्फ रिक्त नगर प्रहरी जवान पदमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले देहाय बमोजिम योग्यता पुगेका उम्मेदवारहरूबाट दरखास्त आह्वान गरिन्छ। तोकिएको न्यूनतम योग्यता पुगेका उम्मेदवारहरूले विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा आवेदन दिनुपर्नेछ।

| क्र. सं. | विज्ञापन नं. | पद | माग पद संख्या | | | | | | | जम्मा माग संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | खुला | समावेशी समूह | | | | | | |
| | | | | आ./ज. | महिला | दलित | थारू | मधेशी | मुस्लिम | |
| १ | ३-२०८१/०८२ | नगर प्रहरी जवान | २० | ६ | ५ | १ | १ | १ | १ | ३५ |

१) **दरखास्त फाराम दर्ता मितिः-** सूचना प्रकाशित भएको मितिदेखि ७ (सात) दिन, कार्यालय समयसम्म (आवेदन पेश गर्ने अवधिको अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सो पछि कार्यालय खुलेको पहिलो दिन)।

२) **दरखास्त फाराम पाइने र बुझाउने स्थानः-** विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय (प्रशासन तथा जनशक्ति विकास शाखा) ।

३) **दरखास्त दस्तुरः-** रु.३००।- (तीन सय), साथै एकभन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारको हकमा प्रत्येक समूहको लागि रु.१००। (एक सय) का दरले थप दस्तुर लाग्नेछ।

४) **उमेर हदः-** दरखास्त फाराम दर्ता गर्ने अन्तिम मितिसम्म १८ वर्ष उमेर पूरा भई ३५ वर्ष ननाघेको, तर नगर प्रहरी सेवा वा नेपाल सरकारको सुरक्षा निकायको बहालवाला वा सेवानिवृत्त कर्मचारीको हकमा ४५ वर्ष ननाघेको।

५) **आवश्यक न्यूनतम योग्यताः-**
- (क) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तीमा आठ कक्षा वा सो सरह उत्तीर्ण भएको,
- (ख) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा सजाय नपाएको,
- (ग) मानव अधिकार र मानवीय कानूनको उल्लङ्घनमा सजाय नपाएको,
- (घ) राजनीतिक दलको सदस्य नरहेको,
- (ङ) आतङ्ककारी सङ्गठनको सदस्य नरहेको,
- (च) **पुरुषको हकमा** घटीमा उचाइ ५ फिट २ इन्च, छाती ३१–३३ इन्च, तौल ५० के.जी. र **महिलाको हकमा** घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. भएको,
- (छ) आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको,
- (ज) नेपाल मेडिकल काउन्सिलमा दर्ता भएको चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको,
- (झ) नेपाली नागरिक।

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

६) दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरू:-

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) हालसालै खिचेको पूरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो दुई प्रति,

(ग) आफूले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि (चारित्रिक, लब्धाङ्क विवरण पत्र (मार्कसिट/ट्रान्सक्रिप्ट) तथा नेपाल बाहिर अध्ययन गरेको हकमा सम्बन्धित निकायबाट समकक्षता निर्धारण भएको प्रमाणपत्र),

(घ) समावेशी समूह खुल्ने कागजात (सम्बन्धित आयोग/प्रतिष्ठानबाट सूचीकृत भएको जातिको हकमा सोही सूचीको आधारमा, तर सोभन्दा अन्य थरहरू भएको हकमा जिल्ला प्रशासन कार्यालयबाट प्रमाणित गराएको कागजात),

(ङ) पेश गर्ने सबै प्रतिलिपि कागजातको पछाडि उम्मेदवार स्वयम्ले दस्तखत गरी प्रमाणित गरेको हुनुपर्नेछ।

७) परीक्षा विधि:-

(क) प्रारम्भिक स्वास्थ्य परीक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा,

(ख) लिखित परीक्षा,

(ग) अन्तर्वार्ता।

*परीक्षा सम्बन्धी जानकारीका लागि महानगरपालिकाको आधिकारिक वेबसाइटमा सूचना प्रकाशन गरिनेछ।*

***पूनश्चः-**

१. प्रत्येक चरणको परीक्षा समाप्ती पश्चात् नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरूलाई मात्र अर्को चरणको परीक्षामा सम्मिलित गराइनेछ।

२. परीक्षा सञ्चालन गर्दा खुला तथा समावेशी समूहतर्फको एउटै परीक्षा सञ्चालन गरिनेछ र निजहरूले प्राप्त गरेको अङ्कको आधारमा समावेशीतर्फका उम्मेदवारहरू बिच मात्र छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गरिनेछ।

३. विराटनगर महानगरपालिकाको स्थायीवासीलाई प्राथमिकता दिइनेछ।

४. तोकिएको शर्तहरू पूरा नभएका दरखास्त फाराम जुनसुकै समयमा रद्द गर्न सकिनेछ।

५. दरखास्त फाराम रद्द भएमा दरखास्त दस्तुर फिर्ता हुनेछैन।

६. माथि उल्लिखित बाहेकका विषयमा महानगरपालिका र पदपुर्ति समितिले निर्णय गरे बमोजिम हुनेछ।

नोटः *मिति २०८१/०६/३० गतेको विज्ञापनमा फाराम भर्नु भएको उम्मेदवारहरुले पुनः आवेदन दिनुपर्ने छैन ।*